हेटौंडा उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

हेटौंडा, मकवानपुर

## सूचना प्रविधि अधिकृत करार सेवामा लिने सम्बन्धी सूचना

### प्रथम पटक प्रकाशित मिति २०७६/१०/१६

नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम समन्वय इकाईको पत्रानुसार चालु आर्थिक वर्षमा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) संचालन भएकोमा सूचना प्रविधिको प्रयोग बढाई स्थानीय सेवा प्रवाहलाई प्रभावकारी बनाउने उदेश्य अनुरुप उक्त कार्यक्रमको लागि यस उपमहानगरपालिकामा १ (एक) जना सूचना प्रविधि अधिकृत करारमा पदपूर्ति गर्नको लागि कार्यक्रम स्वीकृत भएको हुँदा तपसिलमा उल्लिखित पद तथा संख्यामा करार नियुक्ति गरी कार्य गराउनु पर्ने भएकोले तपसिल बमोजिमको योग्यता भएका इच्छुक नेपाली नागरिकले यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र नागरिकता प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र तथा व्यक्तिगत विवरण, अनुभवका प्रमाणपत्रहरको प्रमाणित प्रतिलिपी संलग्न राखी स्वयम् उपस्थित भई यस उपमहानगरपालिकामा दरखास्त दिनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | पद | आवश्यक संख्या | आवश्यक योग्यता | परीक्षाको किसिम | उमेरको हद |
|---|---|---|---|---|---|
| १. | सुचना प्रविधि अधिकृत | १ जना | लोक सेवा आयोगले लिने कम्प्युटर अधिकृत पदको योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer वा Information and Communicatiions Technologies वा सो सरहको विषयहरु मध्ये कुनै एक विषय लिई स्नातक( BIT, BIM, BBIS, BCA, BCIS, BEIT, BSc. IT BSc CSIT)गरेको । | लिखित वा अन्तर्वार्ता वा दुवै | दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेका |

१) छोटो सूचि : छनौट तथा सिफारिस समितिले छोटो सूची (**Short List**) मापदण्डको आधारमा प्राप्त आवेदन फारमहरुको जाँच गरी प्रकाशित गर्नेछ ।

२) सूचि प्रकाशन मिति : दरखास्त बुझाउने अन्तिम दिनको भोली पल्ट छोटो सूची निर्णय भई प्रकाशित गरिनेछ ।

३) सेवा शर्त र सुविधा : स्थानीय शासन सहयोग कार्यक्रममा तोकिए अनुसार हुनेछ ।

४) कार्य अवधी : २०७७ असार मसान्त सम्म हुनेछ, कार्यक्रमको म्याद थप भएमा कर्मचारीको म्याद थप गर्न सकिनेछ ।

५) कारबाही नहुने : रित नपुगी पेश भएका दरखास्त उपर कुनै कारवाही हुने छैन ।